# जीतपुरसिमरा उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ( शिक्षा, युवा तथा खेलकुद महाशाखा)

पत्र संख्या : २०७८/०७९ जीतपुर, बारा
च.नं. : ९३०९ प्रदेश नं. २, नेपाल

मिति : २०७८/०९/०१

विषय : सुचना ।

श्री सम्बन्धित सम्पूर्ण सामुदायिक विद्यालयहरुको स्वीकृत दरबन्दीमा कार्यरत शिक्षकहरु,
जीतपुरसिमरा उपमहानगरपालिका, बारा ।

प्रस्तुत विषयमा शिक्षा विकास तथा समन्वय इकाई, कलैया , बाराको प.सं. ०७७/०७८, च.नं. ९७०, मिति २०७८/१/७ गतेको पत्र साथ प्राप्त शिक्षा तथा मानव श्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुरवाट स्वीकृत संशोधित शिक्षक दरबन्दी तालिका बमोजिम यस उपमहानगरपालिका, नगर शिक्षा समितिको मिति २०७८/०७/१४ गतेको निर्णय बमोजिम **शिक्षक दरबन्दी ( मिलान तथा व्यवस्थापन ) कार्यविधि, २०७६ का आधारमा** यस उपमहानगरपालिका अन्तर्गत संचालित तपसिलका सामुदायिक विद्यालयमा रहेका तपसिलका स्वीकृत दरबन्दी संख्या कट्टा गरी तपसिलमा विद्यालयहरुमा मिलान तथा व्यवस्थापन गरिएको व्यहोरा सम्वन्धित सबैको जानकारीका लागि अनुरोध छ । दरबन्दी कट्टा गरिएका विद्यालयबाट सरुवा भई दरबन्दी थप गरिएका विद्यालयमा स्वेच्छिक रुपमा जान चाहने शिक्षकहरुले मिति २०७८/०९/११ गते भित्र तपसिलका कागजातहरु संलग्न गरी यस कार्यालयमा निवेदन दिन हुन यसै सुचना मार्फत् अनुरोध गरिन्छ ।

तपसिल :

१. व्यक्तिगत निवेदन ( संलग्न ढाँचा बमोजिम )
२. नियुक्ति पत्रको प्रमाणित प्रतिलिपी,
३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी,
४. शैक्षिक योग्यताका प्रमाण पत्रहरु ।

२०७८/९/१

शिवजी प्रसाद
प्रमुख
शिक्षा युवा तथा खेलकुद महाशाखा

पुनश्च : **शिक्षक दरबन्दी ( मिलान तथा व्यवस्थापन ) कार्यविधि, २०७६** को परिच्छेद ४, शिक्षक व्यवस्थापन, **शिक्षक व्यवस्थापनका आधारहरु** पाना संख्या १ ( एक ) र निवेदनको ढाँचा पाना १ ( एक ) यसै सूचनासाथ संलग्न गरिएको छ ।

**वोधार्थ :**

श्री नगर प्रमुख, जीतपुरसिमरा उपमहानगरपालिका, बारा ।
श्री उप प्रमुख, जीतपुरसिमरा उपमहानगरपालिका, बारा ।
श्री प्र.प्र. अ., जीतपुरसिमरा उपमहानगरपालिका, बारा ।
श्री सुचना तथा प्रविधि शाखा यो सुचना वेव साइटमा अपलोड गरि दिन हुन ।

## दरवन्दी वितरण भएका विद्यालयहरु

| सि.नं. | विद्यालयको नाम | वितरण भएको स्वीकृत दरवन्दी | | | |
|---|---|---|---|---|---|
| | | प्रा.वि. | नि.मा.वि. | मा.वि. | कैफियत |
| १ | ने.रा.मा.वि.छातापिपरा | | | १ | |
| २ | ने.रा.मा.वि.जैतापुर | १ | | | |
| ३ | ने.रा.मा.वि.हरपुर | १ | | | |
| ४ | ने.रा.मा.वि.मौवादेवी,डकाहा | १ | | | |
| ५ | ने.रा.आ.वि.नितनपुर | १ | | | |
| ६ | शान्ती प्रा.वि.टाँगीयावस्ती | १ | | | |
| ७ | ने.रा.आ.वि. आमाडार | २ | | | |
| ८ | ने.रा.आ.वि. टाँगीयावस्ती | १ | | | |
| ९ | बुद्ध प्रा.वि. | १ | | | |
| १० | मदर्सा इस्लामिया इनर्वासिरा | १ | | | |
| ११ | लोक सामुदायिक प्रा.वि.कंचनपुर | १ | | | |
| १२ | जन सामुदायिक प्रा.वि. | १ | | | |
| १३ | जन वादी गणतन्त्र प्रा.वि. | १ | | | |
| १४ | ने.रा.आ.वि. रमौली लोहसण्डा | १ | | | |
| १५ | मदर्सा इस्लामिया नसिम नगर जीतपुर | १ | | | |
| १६ | सामुदायिक प्रा.वि. सगरदिना | १ | | | |

शिवजी प्रसाद
प्रमुख
शिक्षा युवा तथा खेलकुद महाशाखा

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | सुर्य विनायक प्रा.वि. मनर्वा | १ | | | |
| १८ | आदर्श आ.वि. नहर क्याम्प | १ | | | |
| १९ | यतिमखाना रसिदिया | १ | | | |
| २० | शिव पार्वती आ.वि. दुधौरा | १ | | | |
| २१ | ने.रा.आ.वि. कंचनपुर | १ | १ | | |
| २२ | ने.रा. दलित प्रा.वि. मोतियाही | १ | | | |
| २३ | थानी आ.वि. विरेदमार | १ | | | |
| २४ | परमानन्द आ.वि. नयाँवेहेरा | १ | | | |
| २५ | दुलारीमाई ने.रा.आ.वि. वस्डीलवा | १ | १ | | |
| २६ | सागेंछोइलिगं गुम्बा | १ | | | |
| २७ | थानीमाई प्रा.वि. सिमरा | १ | | | |
| | जम्मा | 26 | 2 | 9 | |

शिवजी प्रसाद
प्रमुख
शिक्षा युवा तथा खेलकुद महाशाखा

शिक्षकले सरुवाका लागि दिने निवेदनको ढाँचा :

श्री महाशाखा प्रमुखज्यू,
शिक्षा, युवा तथा खेलकुद महाशाखा,
जीतपुरसिमरा उपमहानगरपालिकाको कार्यालय,
जीतपुर, बारा ।

विषय : सरुवा सम्वन्धमा ।

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति ......................मा प्रकाशित सूचना अनुसार श्री.......................................................................... विद्यालय,.............................मा कार्यरत .................................तह................श्रेणी स्थायी/अस्थायी/करार शिक्षक म आफ्नो स्वेच्छाले क्रमशः तपसिलका विद्यालयहरुमा सरुवा हुन चाहेकोले तपसिलका कागजातहरु संलग्न गरी यो निवेदन पेश गरेको छु ।

सरुवा भई जान चाहने विद्यालयहरुको नामावली प्रथामिकता क्रम

| क्र.स. | विद्यालयको नाम,ठेगाना |
|---|---|
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |

संलग्न कागजातहरु
१.
२.
३.
४.
५.

निवेदकको
नाम, थर :
तह/श्रेणी :
कार्यरत विद्यालय :
हस्ताक्षर :
स्थायी ठेगाना :
मिति :

शिवजी प्रसाद
प्रमुख
शिक्षा युवा तथा खेलकुद महाशाखा

## परिच्छेद–४

## शिक्षक व्यवस्थापन

८. **शिक्षक व्यवस्थापनका आधारहरु** : दफा ७ बमोजिम खुद पुलमा रहेको दरबन्दी सम्बन्धित निकायले पुनर्वितरण गर्दा देहायको प्राथमिकताको आधारमा शिक्षकको स्थानान्तरण र पदस्थापन गर्नु पर्नेछ :–

(क) खुद पुलमा रहेको दरबन्दी स्थानान्तरण गर्दा सम्भव भएसम्म रिक्त रहेको राहत अनुदानलाई स्थानान्तरण गर्ने,

(ख) राहत अनुदान स्थानान्तरण गर्दा पनि खुद पुल दरबन्दी बाँकी भएमा रिक्त दरबन्दीलाई स्थानान्तरण गर्ने,

(ग) खुद पुल दरबन्दी पुनर्वितरण गरेको वा गरिने स्थानीय तहमा स्वेच्छिक रुपमा जान चाहने शिक्षकको लागि निवेदन आव्हान गरी प्राप्त निवेदनको छानविन गरी उपयुक्तता समेत हेरी स्थानान्तरण गर्ने,

तर यसरी शिक्षकको स्थानान्तरण गर्दा महिला शिक्षकलाई यथाशक्य घरपायक पर्ने गरी स्थानान्तरण गर्ने।

(घ) खण्ड (ग) बमोजिम निवेदन दिने शिक्षकको संख्या धेरै हुन आएमा महिला शिक्षकलाई प्राथमिकता दिई बाँकी दरबन्दीको हकमा शिक्षकको नियुक्ति मितिको जेष्ठताको आधारमा स्थानान्तरण गर्ने,

(ङ) करारमा कार्यरत शिक्षकलाई निजले लिएको नियुक्ति मितिको आधार लिई कनिष्ठताको आधारमा स्थानान्तरण गर्ने,

(च) राहत अनुदानमा कार्यरत शिक्षकलाई निजको नियुक्ति मितिलाई आधार लिई कनिष्ठताको आधारमा स्थानान्तरण गर्ने,

(छ) जिल्लान्तर सरुवा भई आएका शिक्षकको हकमा नेपालको संविधान जारी भएको मिति सम्वत २०७२ साल असोज ३ गतेसम्मको कनिष्ठताको प्राथमिकताव्रmम तयार गरी निजहरुको स्थानान्तरण गर्ने,

(ज) खण्ड (क), (ख), (ग), (घ), (ङ), (च) र (छ) बमोजिम शिक्षक स्थानान्तरण गर्दा खुद पुल दरबन्दी वितरण गर्न बाँकी रहेमा स्थायी शिक्षकको नियुक्ति मितिको आधारमा कनिष्ठताको व्रmम निर्धारण गरी कनिष्ठबाट स्थानान्तरण गर्ने,

(झ) शिक्षकको स्थानान्तरण गर्दा सम्भव भएसम्म पति, पत्नी एकै स्थानीय तहमा पर्ने गरी मिलान गर्न प्राथमिकता दिने।